सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**वैठक संख्याः १ मिति २०८३/०४/२० गतेका निर्णयहरु**

निर्णय नं. १-प्रस्ताव नं. १ भूमिहिन सुकुम्वासी, भूमिहिन दलित र अव्यवस्थित वसोवासीहरुको अन्तिम विवरण भूमि समस्या समाधान आयोग जिल्ला समिति गुल्मीमा पठाउने सम्वन्धमा छलफल गर्दा सो सम्वन्धी कागजात सवै वडावाट प्राप्त गरी अन्तिम विवरण तयार गरी तम्घास गुल्मीमा पठाउने निर्णय गरियो।

निर्णय नं.२-प्रस्ताव नं. २ प्राविधिक शाखावाट लागत अनुमान भएका योजनाहरुको श्रोत सुनिश्चित गर्ने सम्वन्धमा तपसिल अनुसारका योजनामा तपसिल अनुसारको रकम सुनिश्चत गर्ने निर्णय गरियो।

निर्णय नं. ३-प्रस्ताव नं. ३ यस सत्यवती गाउँपालिकाको गाउँ कार्यपालिका कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ति गर्ने प्रयोजनका लागि साविक जोहाङ्ग गा.वि.स. वडा नं. ५ मा रहेको पिउनेपानी गुठी जोहाङ्गको नाममा रहेको कि.नं. ४११ क्षेत्रफल ८-१०-२-३ मध्ये ६ रोपनी जग्गा भूमि प्रशासन कार्यालय मजुवावजार गुल्मीवाट आ.व. ०८३/०८४को लागि जारी भएको न्यूनतम मूल्याङ्कन दर प्रति रोपनी २,९२,८२०/ का दरले ६ रोपनीको १७,५६,९२०/हुने तथा सोको दोब्बर रकम रु.३५,१३,८४०/ गुठी संस्थान काठमाण्डौलाई उपलव्ध गराई जग्गा प्राप्तिका लागि गुठी संस्थान र भूमि व्यवस्था, सहकारी, सङघीय, मामिला, तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ४-प्रस्ताव नं. ४ उपभोक्ता समिति गठन र लागत अनुमानको कार्य गरी प्रक्रिया अगाडि बढाउने सम्वन्धमा छलफल गर्दा मिति २०८३/०५/१५गतेसम्म उक्त कार्य पुरा गरी अन्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं.५-प्रस्ताव नं. ५ प्राविधिक तर्फको रिक्त दरवन्दी पुर्तिको लागि विज्ञापन गर्ने सम्वन्धमा छलफल गर्दा तपसिल अनुसारका पदहरु विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो।

| क्र.सं. | पद | तह | संख्या |
|---|---|---|---|
| १ | अ.हे.व. | सहायक चौथो | १ जना |
| २ | अ.न.मि. | सहायक चौथो | ५ जना |
| ३ | कृषि प्राविधिक | सहायक चौथो | १ जना |
| ४ | मनो सामाजिक परामर्शकर्ता | सहायक पाँचौं | १ जना |

निर्णय नं. ६-प्रस्ताव नं. ६-विविध क) सम्वन्धमा राजश्व शाखामा काम गर्ने कर्मचारी श्री झलक पुलामीलाई PAN सम्वन्धी कार्य गर्ने समेत जिम्मेवारी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत